# कृषक समूह गठन तथा परिचालन
# कार्यविधि
## २०७८
## बिजयनगर गाँउपालिका, खुरुहुरिया, कपिलवस्तु

## १. प्रस्तावना :-

वर्तमान परिपेक्षमा दिगो विकासलाई हाम्रो विकास नितिको मुख्य आधारको रुपमा लिन थालिएको छ। गरिवी निवारण, खाद्य सुरक्षा , रोजगारी तथा आयमा वृद्धि गर्ने उद्देश्यले स्वदेशी सहयोगमा विभिन्न आयोजना हरु नेपालको विभिन्न ग्रामिण क्षेत्रमा संचालन हुदै आएका छन्। हाम्रो जस्तो मुलुकमा विकासका लागी छुटयाएको बजेट प्रयाप्त नभएको अवस्थामा स्थानीय विकासको गति तीब्र पार्न जनसहभागिताको महत्तव समुह नै कृषि प्रसारको सशक्त माध्यम बन्न सक्दछ । नवौं पञ्चवर्षीय योजना देखि कृषि समुहको माध्यम बाट लै जाने नीति अनुरुप कृषि प्रसारमा समुह पद्धति लागू गर्न वाच्छनिय देखिएकाले स्थानीय सरकार संचालन ऐन को दफा १०२ को उप दफा (२) वमोजिम यो कार्यविधी जारी गरिएको छ।

२. समूहको परिभाषा :-

कुनै निर्धारित उद्देश्य प्राप्ति गर्न दुई वा दुई भन्दा बढी सामाजिक तथा मनोबैज्ञानिक रुपले अन्तर आश्रित व्यक्तिहरु मिलि बनेका मानिसहरुको भेला वा जामात नै समुह हो भन्न सकिन्छ। यस परिपेक्षमा कृषक समुह भन्नाले साझा आवश्यक्ता पुर्ति गर्न एउटै उद्देश्य लिई विधिवत दर्ता भई वा नभई आफ्नै विधि विधान अर्न्तगत संगठित भएका १५-२५ जनाको परस्पर सहयोगी कृषकहरुको भेलालाई बुझ्नु पर्दछ।

स - समन्वय र सदभावको माध्यम
मु- मुख्य समस्या संग मुकाबला गरी
ह- हल खोजने संस्था हो।

समुहमा सदस्यहरु साझा आवश्यक्ता बोकेको एवं मनोबैज्ञानिक भावनात्मक रुपले परस्पर अन्तर आश्रित हुन्छन्।

परिच्छेद - १

१. संक्षिप्त नाम र प्रारम्भ : यस कार्य विधिको नाम कृषक समुह गठन र परिचालन कार्य विधि २०७८ रहेको छ।
२. यो कार्यविधि समुह गठन, समुह परिचालन र नविकरण गर्न लागू हुनेछ।
३. प्रमुख प्रशासकीय अधिकृत भन्नाले **बिजयनगर गाँउपालिका**को कार्यालय प्रमुख सम्झनु पर्दछ।
४. कृषि प्रसार अधिकृत भन्नाले **बिजयनगर गाँउपालिका**को कृषि क्षेत्र हेर्न अधिकृत स्तरको कर्मचारीलाई सम्झनु पर्दछ।

## ३. समुहको आवश्यक्ता र फाईदा

सामुहिक रुपमा काम गर्ने हामी कहाँ नयाँ होइन पहिला देखीनै गाउँ घरमा सामाजिक कार्यहरु सबै जनाको सहमति, मिलोमतोमा गर्ने परम्परा अहिले पनि रहि आएको छ। समुहगत रुपमा काम गर्दा जनसहभागिता बढने कृषक हरु बिच सहयोग र मेल मिलापको भावना अघि बढने, अप्ठयारो काम सजिलै संग गर्न सकिने कुनै नयाँ प्रबिधि छिटै प्रसरण हुने, कृषकहरुको जोखिम बहन गर्ने क्षमता बृद्धि हुने , आत्म निर्भरता हुने र कुनै निकाय वा संस्था दबाव सृजन गर्न सकिने तथा आफ्नो समस्या आफै समाधान गर्न सकिने हुन्छ। यर बाट सदस्यहरु बीच सामुहिक सदभावको बिकास हुने अन्य निकाय सँग सम्बन्ध बढने आफ्नो लागी आफै एकजुट भई कार्य गर्दा दिगो बिकास हुन्छ। एक्लै गर्न नसकिने काम एकजुट भएर सामुहिक रुपमा गर्दा सजिलै रुपमा गर्न सकिन्छ।

## ४. सफल कृषक समुहका गुणहरु

समुह सकृय वा सफल छ छैन भनि निर्धारण गर्ने केही सूचकहरु यस प्रकार छन।

- नियमित रुपले बैठक बस्ने गरेको।

- समुह कृयाकलापको ब्यवस्थित रुपले रेर्कड राख्ने गरेको ।
- हितकोष रकमको प्रभावकारी रुपमा परिचालन गरेको ।
- आन्तरीक राजश्व कार्यालयमा दर्ता गरी पान नं. लिएको ।
- समुहमा कृषकहरुको सकृयता बढेको तथा क्षमता अबिधृद्धि भई रहेको ।
- प्रभावकारी कृषि योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन भई रहेको ।
- लैङ्गिक समानता प्रति संवेदनसील तथा निर्णायक पदमा महिला लाई अवसर प्रदान गरेको ।
- अन्य निकाय संग समन्वय र सहर्काय भईरहेको ।
- समुहमा पारदर्शिता कायम रहेको तथा समुहमा बाहिरबाट कृषकहरुको प्रवेश भईरहेको ।
- समुह ब्यवस्थापनको हिसाबले १५-२५ जना संख्या भएको समुह उपयुक्त हुन्छ ।

**५. समुहको किसिम**

समुह सदस्यको बनावटको आधारमा , उत्पत्तिको आधारमा, समुहले  र्निधारण गरेको उद्देश्यको आधारमा , समुहलाई बिभिन्न बर्गमा बर्गीकरण गर्न सकिन्छ ।

**५.१ सहभागिताको आधारमा**

५.१.१ महिला कृषक समुह
५.१.२ पुरुष कृषक समुह
५.१.३  मिश्रित कृषक समुह

**५.२  कामको प्रकृतिको आधारमा**

५.२.१ बाली कृषक समुह
५.२.२ बागवानी कृषक समुह ( फलफुल तरकारी )
५.२.३ बीज बृद्धि कृषक समुह
५.२.४ मौरी पालन/ रेशम खेती कृषक समुह
५.२.५ कृषि बजार समुह
५.२.६ बहुउद्देश्यीय कृषक समुह

**५.३  उत्पतिको आधारमा**

५.३.१  प्राकृतिक वा स्वतफूर्त कृषक समुह
५.३.२  उत्प्रेरित कृषक समुह

स्वतफूर्त समुह अर्न्तगत परम्परा देखी चली आएका गुठी , बाँध संचालनका लागी बनेका समुहहरु हुन । उत्प्रेरित समुह अर्न्तगत विकासका बिभिन्न कार्यक्रमलाई लक्षित गरी बनाएका समुहहरु जस्तै तरकारी , बीज बृद्धि , दलहन , तेलहन र महिला कृषक समुह आदि हुन ।

**६. समुह सदस्यहरुको योग्यता**

६.१ उमेर १८ बर्ष पुगेको ।
६.२ **बिजयनगर गाँउपालिका** भित्र स्थायी बसोवास गरेको ।
६.३ एक घरबाट एक जना महिला वा पुरुष सदस्य हुन पाउने ।
६.४ एउटा समुहमा सदस्य वा पदाधिकारी भए पछि अर्को समुहमा बस्न नपाउने ।
६.५ कृषि पेशामा संलग्न भएको हुनु पर्ने र आयमूलक कार्यक्रम सहभागी भएको वा हुने ।
६.६ कृषक समुहको उद्देश्य अनुसारको काम गर्न इच्छा भएको ।
६.७ कृषक समुहको बिधानलाई बिना शर्त स्वीकार गर्ने हुनु पर्ने ।
६.८ मानसिक स्थिति ठीक नभएको, फोजदारी कृयाकलाप संलग्न भएको र समुहको नियम बिपरीत काम गर्ने महिला वा पुरुष समुहको सदस्य बन्न पाउने छैनन ।

**७. समुहको बिधान :** बिधान भन्नाले कुनै संघ / संस्थाको उद्देश्य प्राप्तिको लागी कृयाकलाप गर्न बनाइएका निती नियम कानूनको दस्तावेज हो । जसले समुह सदस्यहरुलाई उद्देश्य प्राप्तिमा सहज गराउने कार्य गर्दछ । बिधिवत कानूनी हिसाबले दर्ता भएका समुहहरुको लिखित बिधान हुन्छ भने कतिपय समुहहरुको आफनो समुह भित्र स्वीकृत भएको तर बिधिवत दर्ता नभएको बिधान पनि हुन सक्छ ।

**७.१ बिधानमा हुने मुख्य मुख्य बुदाँहरु**

- नेपालको कानून सँग नबाझिने ।
- कृषि नीति सँग मेल खाने खालको हुनु पर्ने ।
- स्पष्ट एक आपसमा नबाँझिने र सरल भाषाको प्रयोग भएको ।
- बिधान संशोधनको प्रावधान भएको ।
- प्रजातान्त्रिक ढंगले र्निवाचनको प्रकृया बाट निर्बाचित हुने प्रावधान राखिएको ।
- महिला सहभागितालाई प्रोत्साहन हुने प्रावधान भएको ।

**७.२ बिधान संशोधन :** नियम कानून एक पटक बनाउदैमा सदाका लागी उपयुक्त हुदैनन । समय अनुकूल आवश्यक्ता अनुसार यसलाई परिर्माजन गर्दै लैजानु पर्दछ ।

- बिधान संशोधन उपसमिति गठन गर्ने ।
- उपसमिति बाट संशोधन भई आएको मसौदालाई कार्य समिति बाट पास गराउने ।
- साधारण सभाका कम्तीमा दुई तिहाई बहुमत प्राप्त भई निणर्य भए पछि पहिला दर्ता गरिएको निकायमा पेश गरि उक्त निकायको सवीकृति प्राप्त भए पछि मात्र बिधान संसोधन भएको मानिने छ ।

**८. समुह दर्ता प्रकृया र पेश गर्नु पर्ने कागजात**

- कृषक समुह प्रारम्भिक भेला बाट गठन भै ३ पटक बैठक बसेको र्निणयको छाँया प्रति १/१ प्रति ।
- कृषक समुहले बैठक बाट पारित गरेको बिधान - शिर र पुछारमा उपसमिति वा सदस्यहरुले दस्तखत गरेको) बिधान २ प्रति ।
- सर्म्पुण सदस्यहरुको नागरिक्ताको छायाँ कापी १/१ प्रति (सम्बन्धित व्यक्तिले पछाडी पट्टी दस्तखत गरेको )
- अन्तीम बैठकमा ( तेस्रो बेठक) वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य र कृषि र्प्राबिधिकको अनिवार्य उपस्थितीमा हुनु पर्ने ।
- कृषक समुह दर्ताको लागी निवेदन फारम अनुसुची १ समुह दर्ता फारममा सदस्यहरुको व्यक्तिगत विवरण भरिएको फारम १/१ प्रती (अनुसुची २)
- कृषक समुह दर्ता भएपछि अनुसुची ३ अनुसारको दर्ता प्रमाण पत्र प्रदान गरिनेछ ।

**८.१ पहिलो बैठक (भेला) बाट गर्ने कार्य**

प्रस्तावना नं. १- समुहको नामकरण सम्बन्धमा ।,
प्रस्तावना नं. २- समुहको पदाधिकारी चयन गर्ने सम्बन्धमा ।
प्रस्तावना नं. ३- समुहको उद्देश्य ( कुन उद्देश्यको लागी समुह गठन गर्ने हो ।

**८.२ दोस्रो महिनाको बैठक बाट गर्ने कार्य**

प्रस्तावना नं. १- विधान लेखन उपसमिति गठन सम्बन्धमा ।
प्रस्तावना नं. २- समुहको उद्देश्य संग सम्बन्धित र्निणय ।
प्रस्तावना नं. ३- समुहको मासिक बैठक सम्बन्धमा ।
प्रस्तावना नं. ४- समुहको हितकोष रकम सम्बन्धमा ।

**८.३ तेस्रो महिनाको तेस्रो बैठक बाट गर्ने कार्य**

प्रस्तावना नं. १- बिधान पारित सम्बन्धमा ।

प्रस्तावना नं. २- समुह दर्ता गर्ने सम्बन्धमा ।
प्रस्तावना नं. ३- वडा कार्यालयबाट सिफारिस लिने सम्बन्धमा ।

**९. समुह नविकरणको व्यवस्था**

१. नयाँ दर्ता भएको कृषक समुहको समयावधि २ बषको  हुनेछ ।
२. समयावधि समाप्त भएपछि नविकरण गर्नु पर्नेछ । नविकरणको अवधि बढीमा २ बर्षको हुनेछ ।
३. दर्ता तथा नविरणको समयावधि आर्थिक बर्षको आसार मसान्त सम्म कायम हुनेछ ।
४. नविकरणको म्याद समाप्त भएको अर्को १ बर्ष सम्म पनि नविकरण नगराएमा उक्त समुह खारेज भएको मानिने छ ।

**९.१ कृषक समुह नविकरणका लागी पेश गर्नुपर्ने कागजातहरु**

१. कृषक समुह दर्ता प्रमाण पत्रको सक्कलै प्रति र १ प्रति फोटो कापी ।
२. कृषक समुह नविकरण गर्ने सम्बन्धमा समुहको बैठक बसेको निर्णयको प्रतिलिपि ।
३. कृषक समुह सदस्यहरुको विवरण फारम १ प्रति (अनुसुची )।
४. नगरपालिका बाट नविकरणको लागी तोकिएको राजस्व बुझाएको रसिद ।
५. नविकरणको लागी सम्बन्धित वडा कार्यालयको सिफारिस ।
६. अधिल्लो बर्षको करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
७. कृषक समुह नविकरण गराई पाउँ भनी कृषक समुहको पत्र वा ( अनसुची ४ अनुसार) निवेदन ।

अनुसूची -१

# समह दर्ता गर्न भर्नु पर्ने अनुरोध फारम

मिति :-.................

श्री मान प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
**बिजयनगर गाँउपालिका** गाँउकार्यपालिकाको कार्यालय
खुरुहुरिया, कपिलवस्तु ।

बिषय : कृषक समुह दर्ता गरि पाँउ ।

महोदय ,
प्रस्तुत बिषयमा देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरि पेश गरेको छु। हाम्रो समुहलाई दर्ता गरि दिनु हुन अनुरोध छ।
१. कृषक समुहको नाम : श्री............................................कृषक समुह
२.ठेगाना : **बिजयनगर गाँउपालिका** वडा न........गाँउ/टोल ........................ ।
३.समुह गठन मिति : २०७ / /
४. समुह गठनको मुख्य उद्देश्य :
५.समुहको हितकोषमा जम्मा भएको रकम :
६.समुहको मासिक हितकोष रकम रु :
७.प्रति ब्यक्ति प्रति महिना हितकोष रकम रु :
८. नियमित समुह बैठक बस्ने मिति : समय : स्थान :
९.समुहको बाली योजना :
१०.समुहको जातिगत विवरण :

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| दलित | | | |
| जनजाति | | | |
| अन्य जाति | | | |
| जम्मा | | | |

११.समुह सदस्यको शैक्षिक विवरण

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| साधारण लेखपढ | | | |
| एस.एल.सी./एस.ई.सी./आई.ए. | | | |
| बी.ए.वा सो भन्दा माथी | | | |
| जम्मा | | | |

१२.जग्गा सम्बन्धी विवरण

| विवरण | भूमीहीन | ५ कठ्ठा सम्म | ५ देखि १० कठ्ठा सम्म | १०देखि २०कठ्ठा सम्म | २०कठ्ठा भन्दा बढी |
|---|---|---|---|---|---|
| कृषक संख्या | | | | | |

१३.माथी उल्लेखित ब्यहोरा ठीक साँचो हो भनी सही गर्ने

| नाम | पद | ठेगाना | फोन न. | हस्ताक्षर |
|---|---|---|---|---|
| | अध्यक्ष | **बिजयनगर गाँउपालिका** | | |
| | सचिव | **बिजयनगर गाँउपालिका** | | |
| | कोषाध्यक्ष | **बिजयनगर गाँउपालिका** | | |

# कृषक समुह विवरण

**आ.ब.**

१. कृषक समुहको नाम :- श्री कृषक समुह

२. ठेगाना :- **बिजयनगर गाँउपालिका** वडा नं. गाँउ / टोल

३. समुह गठन मिति :- २० / /

४. दर्ता नं. :- दर्ता मिति :-

५. समुह पुनर्गठन भएको भए पुनर्गठन मिति :-

६. अक्ष्यक्षको नाम :- श्री

७. सर्म्पक नं. :-

८. समुहको प्रमुख उद्देश्य :- ( बाली , मत्स्य, च्याउ, मौरी , तरकारी , दलहन, तेलहन, , बहुउद्देश्यीय ) कुने एक वटा मात्र ।

९. समुहको खाता संचालन भएको भए

९.१ बैङ्कको नाम :- ९.२ हिसाब नं.

१०. समुहको हितकोष रकम २०७ आषाढ मसान्त सम्म रु.

११. प्रति सदस्य प्रति महिना संकलन हुने मासिक हित कोष रकम :-

१२ समुहको मासिक बैठक बस्ने दिन :-

१३. सदस्य को लैङ्गिक तथा सामाजिक अवस्थाको विवरण :

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १. दलित | | | |
| २. जनजाति | | | |
| ३. अन्य जाति | | | |
| ४. कूल जम्मा | | | |

-

समुह पदाधिकारी तथा सदस्यहरुको विवरण

| क.स. | नाम | पद | शैक्षिक योग्यता | उमेर | जग्गाको क्षेत्रफल ( बिगहा ) | अन्य (पोखरी बगैंचा) | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची २

१२. **बिजयनगर गाँउपालिका** कृषक समुह दर्ता किताबको नमुना

| क्र. स. | समुह दर्ता न. र मिति | कृषक समुहको | | समुह गठन मिति | समुहको उद्देश्य | समुहको किसिम | सदस्य संख्या | | | | | | | | हितकोष रकम | अक्ष्यक्षको नाम/सर्म्पक न. | प्रमाण पत्र बुझिलिनेको सही | प्रमाणित गर्ने | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | महिला | | | | पुरुष | | | | | | | | |
| | | नाम | ठेगाना | | | | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

अनुसूची ३

१३. **बिजयनगर गाँउपालिका** कृषक समुह नविकरण किताबको नमुना

| नविकरण | | म्याद पुग्ने मिति | समुह दर्ता | | समुहको उद्देश्य | समुहको किसिम | सदस्य संख्या | | | | | | | | हितकोष रकम | अक्ष्यक्षको नाम/सर्म्पक न. | प्रमाण पत्र बुझिलिनेको सही | नविकरण गर्नेको सही |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | महिला | | | | पुरुष | | | | | | | |
| नम्बर | मिति | | नम्बर | मिति | | | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

१४. कृषक समुह दर्ता प्रमाण पत्रको नमुना निम्न आसारको हुनेछ ।

अनुसूची ४
बिजयनगर गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
खुरुहुरिया, कपिलबस्तु

## कृषक समूह दर्ताको प्रमाण पत्र

समूह पद्धतिलाई सुव्यवस्थित भई कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले यस जिल्लाको बिजयनगर गाँउपालिका वडा नं...............मा मिति ............................मा गठित श्री.................................................कृषकसमूहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाण पत्रप्रदान गरिएको छ ।

........................
शाखा प्रमुख

..........................
प्रमुख प्रशासकीय अधिकृत

समूहको किसिम :–
समूहको उपद्देश्य :–

(कृषक समूह दर्ताको प्रमाण पत्रको पछाडि पानामा राख्ने )

| क.स. | नविकरण मिति | | नविकरण गर्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|
| | देखि | सम्मा | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**१५. गाँउपालिका स्तर मूल कृषक समुह संजाल गठन र संचालन**

**उद्देश्य** :

**बिजयनगर गाँउपालिका** अर्न्तगत ११ वटै वडामा गठन भई संचालनमा रहेका कृषक समुहलाई समन्वय गर्न नगरपालिकाका स्तरको एउटा मूल समुह गठन गरि समन्वय कार्य संचालन गनै उद्देश्य लिइएको छ । नगरपालिका स्तरमा कृषित र्फ जनशक्तिको कमीले गर्दा कृषकहरुमा सेवा प्रवाह गर्न अप्ठयारो भएकोले कृषक समुह मार्फत सेवा सुबिधा प्रदान गर्न नगरपालिका स्तर मूल कृषक समुह गठन गरिने छ ।

**संजाल गठन :**

प्रत्येक वडा बाट बढीमा ३/३ जना सदस्य रहने थरि नगरपालिका स्तरको ३३ सदस्यीय मूल समुह गठन गरिने छ । उक्त समितिमा प्रत्येक वडा बाट १/१ जना महिला सदस्य रहने व्यवस्था रहनेछ । यसरी उक्त भेलामा अक्ष्यक्ष १ उपाक्ष्यक्ष १ सचिव १ कोषाध्यक्ष १ बार्का सदस्यको रुपमा रहनेछन् । यसरी गठित संजालको पदाधिकारीहरुको पदावधि २ वर्षको हुनेछ ।

**काम कर्तव्य :**

यस मूल समुहको काम कर्तव्य निम्न अनुसार हुनेछ ।

१. **गाँउपालिका**को गाँउसभा हुनु पुर्व कार्यक्रम तर्जुमा सहयोग गरि कृषि कार्यक्रम कृषि बिकास शाखा मार्फत पेश गर्न सहयोग गर्ने ।

२. कार्यक्रम स्वीकृत भए पश्चात वडा अनुसार कायृ विभाजन - पकेट कार्यक्रम ) संचालनमा सहयोग पु-याउने ।

३. कार्यक्रमा संचालन तथा समन्वयमा सहयोग पु-याउने ।

४. अन्य निकाय बाट कृषि कार्यक्रम वजेट माग गरि कार्यक्रम तर्जुमा गरि संचालनमा सहयोग पु-याउने ।

५. मासिक वैठक बसी सम सामयिक छलफल गरि कार्यक्रम सफल वनाउने प्रयास गर्ने ।

६. मूल समुहले नेतृत्व समुहको रुपमा कृषकहरुको हकहितमा काम गर्ने यस मूल कृषक समुहको कर्तव्य हुनेछ ।